# टेलिकमले टावरहरुमा विद्युत नजोड्दा सेवाग्राही मर्कामा



दार्चुलामा टेलिकमले टावरहरुमा विद्युत नजोड्दा सेवाग्राही मर्कामा परेका छन् । दार्चुलाको शैल्यशिखर-५ बगौरा र मालिकार्जुन गाउँपालिका-७ ऐरीछानालगायत मालिकार्जुन गाउँपालिकाको वडा न २ मा रहेको बालशिखर रिपिटर टावरमा विद्युत जडान नहुँदा सेवाग्राही मार्कामा परेका हुन् । टेलिकमको टावर नजिकै बगौरा बस्तीमा बिधुतीकपण भएको करीब ३ महिना बिति सक्दा पनि नेपाल टेलीकमले टावरमा विद्युत जडानमा चरम लापरबाही गरेको छ।

मालिकार्जुनको वडा नम्बर ७ ऐरीछानाको बस्तीमा पनि तीन दिन अगाडि विद्युतीकरण भइसकेको छ। बगौरा र ऐरीछानामा टावर सोलारको भरमा चलेका भएर घाम पर्दा नेटवर्क आउने र घाम जा'दा नेटवर्क जाने गरेको छ । उक्त टावरहरुमा ब्याट्री पुराना भएका कारण घाम लाग्दा मात्र नेटवर्क आउने गर्दछ । यो विषयमा स्थानीय सरकारले पनि कुनै चासो देखाएको छैन।

पटक पटक आफूहरुले टेलिकम र स्थानीय सरकारलाई विद्युत जडानको लागि माग गरे पनि कसैले पनि वास्ता नै नगरी ढिलासुस्ती गरेको शैल्यशिखर नगरपालिका ६ का स्थानीय दिपक धामीले मध्यान्हलाई बताए।

आजभन्दा करीब ७ बर्ष पहिले नै नेपाल टेलिकमले ती ठाउँहरुमा टावर निर्माण सम्पन्न गरेको थियो।

त्यस्तै विद्युत नहुँदासम्म ऐरीछानाको टावरमा ब्याट्री फेर्न पटक पटक निवेदन गर्दा पनि न टेलिकमले वास्ता गऱ्यो न त स्थानीय सरकारले नै ऐरीछानाका अर्का स्थानीय कल्यान सिंह धामीले गुनासो गरे । उनले भने, 'घाम अस्ताए पछि र मौसम खराब भएपछि नेटवर्क नभएर सम्पर्क बिहिन नै हुनु पर्ने बाध्याता छ।'

नेपाल टेलिकमका टावर नजिक रहेका स्थानीय सेवाग्राहीसंगै सामुदायिक रेडियोका लागि आवश्कता पर्ने संचारमा समेत बाधा पुगेको सामुदायीक रेडीयो लिपुलेकका समाचार प्रमुख वसन्त कुमार जोशीले बताए। सन्चार जगतमा विश्वले फड्को मारिरहेको बेला नेपाल टेलिकमले चरम लापरबाही गरेर सेवाग्राहीहरुलाई गुणस्तरीय सेवा दिन सकिरहेको छैन।

**दार्चुला डायरी**
गणेश सिंह धामी/मध्यान्ह

फोर जीको त कुरै छोडौं फोन गर्न समेत घाम कति वेला आउला र फोन गरौला भनि कुर्नु पर्ने बाध्यता रहेको स्थानीयहरुले गुनासो गरेका छन् ।

नेपाल टेलीकमले भने यो बिषयमा कुराकानी भइरहेको र नेपाल विद्युत प्राधिकरण लाई परिपत्र गरि चा'डै दुबै टावरहरुमा विद्युत जडान गरि सेवाग्राहीहरुलाई गुणस्तरीय सेवा दिने नेपाल टेलीकम दार्चुलाका प्रमुख के बि गुरुङले बताए ।

## एक महिला झुन्डिएको अवस्थामा मृत फेला

दार्चुलामा एक महिलाले झुण्डिएर आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय दार्चुलाले जनाएको छ । शनिवार दिउँसो २ बजेतिर महाकाली नगरपालिका वडा नम्बर ४ बंगाबगर बस्ने २३ वर्षीया पुजा महरले आफ्नै घरको कोठामा झुण्डिएर आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रहरी निरीक्षक पुष्कर सिंह ऐरीले मध्यान्ह चलाई जानकारी दिए ।

घट्नाबारे प्रहरीमा जानकारी पाउने वित्तिकै जिल्ला प्रहरी कार्यालय दार्चुलाबाट प्रहरी निरीक्षक ऐरीको नेतृत्वमा प्रहरी टोली घटनास्थलमा पुगेको थियो । माइती पक्ष घटनास्थलमा नपुगेकाले प्रहरीले महराको मुचुल्का उठाएको छैन।माइती पक्ष घटनास्थल पुग्ने वित्तिकै घट्नाको परिवेश हेरेर मुचुल्का तयार पारी शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल ल्याइने प्रहरी निरीक्षक ऐरीले बताए ।

## धारिलो हतियार प्रहार गर्ने पक्राउ



काठमाडौं/मस-प्रहरी र अर्को एक सर्वसाधारणलाई धारिलो हतियार प्रहार गर्ने एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा रामेछापको मन्थली लिखु घर भई हाल जरङ्खु बस्ने वर्ष २९ को शनि तामाङ रहेका छन् ।

काठमाडौं तार्केश्वर नगरपालिका-८ शेषमतीस्थित लामवजार नजिक सामान्य विषयमा विवाद हुँदा उनले सोही ठाउँका २९ वर्षीय सुवास तामाङलाई घारिलो हतियार खुकुरीले टाउको र घाँटीको पछाडिबाट हिर्काइ घाइते बनाएका थिए । त्यसपछि सूचना प्राप्त हुनासाथ प्रहरी वृत्त बालाजु मातहत प्रभाग धर्मस्थलीमा खटिएको प्रहरीले उनलाई पक्राउ गरेको थियो ।

सोही क्रममा उनले प्रहरी माथि नै आक्रमण गरेका महानगरीय प्रहरी परिसर काठमाडौंले जनाएको छ । दुवै घाइतेको ट्रमा सेन्टरमा उपचार गरिएको छ ।

# शान्ति समाज बाँकेको वार्षिक साधारणसभा सम्पन्न




**पवन जायसवाल/मध्यान्ह**
बाँके, १० पुस

नेपाल मानव अधिकार तथा शान्ति समाज बाँके शाखा नेपालगन्जको वार्षिक साधारण सभा तथा अन्तर सम्वाद कार्यक्रम सम्पन्न भएको छ ।

'मानव अधिकार, शान्ति, लोकतन्त्र, अहिंसा, सद्भाव र सहिष्णुता' मूल नाराका साथ शनिबार वार्षिक साधारण सभा तथा गुणस्तरीय स्वास्थ्य सेवा र वैज्ञानिक शिक्षा सबैको अधिकार विषयक अन्तर सम्वाद कार्यक्रम सम्पन्न भएको हो ।

बाँके शाखाका सभापति तथा वार्षिक साधारण सभा तथा गुणस्तरीय स्वास्थ्य सेवा र वैज्ञानिक शिक्षा सबैको अधिकार विषयक अन्तर सम्वाद कार्यक्रमका सभाध्यक्ष प्रभाकर भट्टराईको अध्यक्षतामा, नेपालगन्ज उद्योग वाणिज्यसंघ नेपालगन्जका निर्वतमान अध्यक्ष तथा कसौंधन बैश्य समाज बाँकेको अध्यक्ष नन्दलाल बैश्यको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा शाखाका उपाध्यक्ष प्रेम कुमार शर्माले स्वागत मन्तव्य राखेका थिए ।


शाखाका सचिव देवेन्द्र नाथ शुक्लाद्वारा सञ्चालित कार्यक्रममा वक्ताहरुले अझै पनि देशका ग्रामिण क्षेत्रमा सिटामोल लगायतको स्वास्थ्य सेवा सजिलै उपलब्ध हुन नसकेको बताएका थिए ।

उनीहरुले सरकारी विद्यालयहरुमा सरकारले परिपक्क भएका शिक्षकलाई नियुक्ति गरी अध्यापन गर्न लगाए पनि प्राइभेट बोर्डिङ्ग स्कूल कलेजहरुमा भने कम पढेका शिक्षकहरुबाट अध्यापन गराइएको अवस्था रहेको बताएका थिए ।

कार्यक्रममा नेपाल मानव अधिकार तथा शान्ति समाज केन्द्रीय उपसभापति कृष्ण रावल, महराजा माध्यमिक विद्यालयका पूर्व प्राधानाध्यापक श्याम बिहारी गुप्ता, निर्वमान सभापति कृष्णादेवी पाण्डेय, शाखाका सल्लाहकार विष्णुलाल कुम्हार, समाजसेवी जयकेश सिंह, पत्रकार चन्देश्वरराज त्रिपाठी, नारायण माध्यमिक विद्यालय नेपालगन्जका विद्यार्थी अनिल कुमार भुजवा लगायतले आ-आफ्ना विचार राखेका थिए । बन्द सत्रमा शाखाका कोषाध्यक्ष जहिरुलहक जीनूले आर्थिक प्रतिवेदन र शाखाको गतिविधिको जानकारी गराएका थिए ।

संस्थाका आजीवन सदस्य घन श्याम गुप्ता, रमेश चन्द्र प्रजापति, शाखाका उपाध्यक्ष प्रेम कुमार शर्मा, मेघ बहादुर बिष्ट, नमिता श्रेष्ठ, निर्वतमान सभापति कृष्णा देवी पाण्डेय लगायतले कार्यक्रममा राखेका जिज्ञासाको जवाफ केन्द्रीय उपसभापति कृष्ण रावल र शाखाका सभापति प्रभाकर भट्टराईले दिएका थिए । कार्यक्रममा साधारण सदस्य र आजीवन सदस्यता विस्तार गर्नुपर्ने लगायतका विषयमा छलफल समेत गरिएको थियो । कार्यक्रममा शाखाका काजल शर्मा, अल्पना बैश्य, घन श्याम गुप्ता लगायतको उपस्थित रहेको थियो ।

# कडा कदम उठाउन बाध्य नबनाउन जनमत पार्टीको चेतावनी




**ललन कुमार चौरसिया/मध्यान्ह**
रौतहट, १० पुस

जनमत पार्टीका केन्द्रीय सदस्य एवं केन्द्रीय प्रकाशन विभाग प्रमुख ललित मल्लिक शानूले रौतहट प्रशासनको अवरोधपूर्ण क्रियाकलापप्रति गम्भिर ध्यानाकर्षण भएको जनाएका छन् । शानूले शनिबार एक विज्ञप्ति जारी गर्दै रौतहट प्रशासनलाई कडा कदम उठाउन बाध्य नबनाउन समेत चेतावनी दिएका छन् । '

जनमत पार्टीको केन्द्रीय समितिद्वारा घोषित 'अपन बुथ सबसे मजबुत' नारासहितको अपरेसन-बुथ-बुथ-मजबुत दुई महिने अभियान अन्तर्गत सम्पुर्ण मधेश भरीकै स्थानीय तहहरूमा केन्द्रीय समितिद्वारा तोकिएको प्रर्यवेक्षक बुथ स्तरदेखि समितिहरू सुदृढीकरण तथा प्रशिक्षणका लागि खटिएको सर्वविदितै छ तर शुक्रबार बेलुका कटहरीया नगरपालिकाका लागि तोकिएको प्रर्यवेक्षक जनमत पार्टी रौतहटको जिल्ला उपाध्यक्ष राम प्रवेश साहद्वारा प्रोजेक्टको माध्यमले हथियाहीमा प्रशिक्षण दिइराख्दा प्रहरीद्वारा अवरोध गरिनु र प्रशिक्षण विथोल्ने प्रयास गरिएको प्रति गम्भिर ध्यानाकर्षण भएको छ' शानूले जारी गरेको विज्ञप्तिमा भनिएको छ । यस्तै उनले राजनीतिक सभा सम्मेलन गर्न पाउने लोकतान्त्रिक अधिकारप्रति प्रहरीले हस्तक्षेप गरेको भन्दै प्रहरी प्रशासन सबैका लागि साझा हुन, भ्रष्ट जनप्रतिनिधिहरूको पछुवा र कठपुतली नबन्न समेत आग्रह गरेका छन् ।

साथै किसानहरूको हकहितका लागि जनमत पार्टी सिरहाद्वारा घोषित आन्दोलन प्रति एक्यवद्धता जनाउँदै किसान हकहितका लागि उठाएको मागहरु सम्बन्धित निकायहरुद्वारा गम्भिरताका साथ शिघ्र सम्बोधन गर्न पनि उलने माग गरेका छन् । मागहरु यथाशिघ्र पूरा नगरिएमा किसानहरूको हकहितका लागि सिरहामा मात्रै नभइ जनमत पार्टीले कतै पनि चुपलागेर नबस्ने सानुले विज्ञप्ति मार्फत चेतावनी दिएका छन् ।


**Invitation For Bids**

**Bhume Rural Municipality**
**Office Of The Rural Municipal Executive**
**Khabangbagar,Rukum (East)**
**Lumbini Province,Nepal**

**Invitation for Bids for the construction work under the below mentioned contracts.**

**First Date of publication: 2078/09/11 B.S (2021/12/26 A.D)**

1. **Bhume Rural Municipality** invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the **office of Bhume Rural Municipality, Khabangbagar Rukum (East), www.bhumemun.gov.np.**
3. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system **www.bolpatra.gov.np/egp.**
4. Pre-bid meeting shall not be held
5. Sealed bids must be submitted though electronically to the office **Bhume Rural Municipality Khabangbagar, Rukum (East)** on or before **12:00 Noon on 2078/10/11 B.S( 2022/01/25 A.D)** . Bids received after this deadline will be rejected automatically.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **15:00 on 2078/10/11 B.S (2022/01/25 A.D)** at the office of **Bhume Rural Municipality ,Khabangbagar, Rukum (East)**. Bids must be **valid** for a period of **90 days** after bid opening and must be accompanied by a bid security amounting to a minimum of **the below mentioned amount** which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act 2063 and Regulations 2064 including all amendments.
9. **Bhume Rural Municipality Khabangbagar, Rukum (East)** reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank : **Citizens Bank International Ltd. ,Bhume branch**
Name of Office : **Bhume Rural Municipality, Khabagbagar,Rukum(East)**
Account name and No. : **GA 1.1 Bhume Ga.Pa Aantarik Rajaswa Khata, 0780100000001202**
**Information to deposit for bid security in Bank:**
Name of the Bank : **Citizens Bank International Ltd. ,Bhume branch**
Name of Office : **Bhume Rural Municipality, Khabagbagar,Rukum(East)**
Account name and no. : **GA 3 Bhume Ga.pa. Dharauti Khata, 0780100000030201**

10. The Name and identification no. of the contracts are as follows.

| S.N. | Description of Works | Contract ID | Estimated Amount (with VAT in NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amouunt (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Construction of Saakim-Serabang-Narampaani-Nakha Road. | EGP/BRMO/ NCB/W-05/2078-79 | 24,00,000.00|-( Twenty four lakh only) | 3000.00|- (Three thousand only) | 60,000.00|-(Sixty thousand only) |
| 2 | Construction of Domahi-Gaanapani-Majbang Road | EGP/BRMO/ NCB/W-06/2078-79 | 25,92,000.00|-( Twenty five lakh ninety two thousand only) | 3000.00|- (Three thousand only) | 64,800.00|-(Sixty four thousand eight hundred only) |

**Chief Administrative Officer**

**HOSPITALITY TRAINING**
Hilton Academy Pvt.Ltd. A great place for career
गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।
कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।

नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौं
सम्पर्क
Hilton Academy
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484